स्थायी लेखा नं.: ३०३४२५०२७ सामाजिक कल्याण परिषद् आवद्धता नं.: ३७८७६ जि.प्र.का. काठमाडौं, दर्ता नं.: ०७/२०१९/४/३


# नेपाल इन्जिनियर्स एशोसिएसन

केन्द्रीय कार्यालय

पुल्चोक, ललितपुर



३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल

उपाध्यक्ष
इ. प्रकाश के.सी.

महासचिव
इ. विनोद प्रकाश पण्डित

उप-महासचिव
इ. अनिल मानन्धर

कोषाध्यक्ष
इ. सुमन थापा

सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल
(कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर
(सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी.
(गण्डकी प्रदेश)
इ. पवन कुमार झा
(कोशी प्रदेश)
इ. आकाश वर्मा
(लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल
(बागमती प्रदेश)
इ. तेज नारायण यादव
(मधेश प्रदेश)


प.सं. २०८१/२०८२ च.नं.-१८९ मितिः २०८२।०३।१०

**सम्माननीय प्रधानमन्त्री के.पि. शर्मा ओलीज्यू,**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**नेपाल सरकार।**

**विषयः नेपाली इन्जिनियर/आर्किटेक्टहरुको माग तथा इन्जिनियरिङ पेशामा देखिएका विद्यमान समस्याहरूको वारेमा ज्ञापन पत्र पेश गरिएको सम्बन्धमा।**

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

देशमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएको एक दशक पुग्न लागेको छ। नेपालको संविधान २०७२ को कार्यान्वयनसँगै गणतन्त्रलाई संस्थागत गर्न तथा देशमा सुशासन सहितको समृद्धि र विकासको गतिलाई अगाडी बढाउने वर्तमान सरकारको मुख्य प्राथमिकतामा रहेको छ। तर नेपाली जनताको बढ्दो चाहना अनुरूप अपेक्षाकृत विकासको गतिले तीव्रता लीन सकिरहेको छैन। यसको मूल कारण देशका दक्ष प्राविधिक जनशक्तिको क्षमताको अधिकतम उपयोग राज्यले गर्न नसक्नू नै हो भन्ने हामीले ठानेका छौं। अहिले लोकतन्त्रमा विश्वास गर्ने दुईवटा ठूला दलहरूको पुर्ण बहुमतको संयुक्त सरकारले देशको वागडोर हाँकिरहेको छ, यद्यपि विकास र समृद्धिसँग सरोकार राख्ने प्रविधि मैत्री पूर्वाधार विकासका अभियन्ता इन्जिनियरहरूलाई उच्च मनोवलका साथ काम गर्ने वातावरण वन्न सकेको छैन। स्थानीय तह, प्रदेश सरकार तथा संघीय सरकारका विभिन्न स्थानमा इन्जिनियरिङ पेशासँग सम्बन्धित विशेषज्ञको भूमिकालाई न्यूनीकरण गर्ने, संकुचित गर्ने र उनीहरूको मनोवलमा ह्रास ल्याउने कृयाकलापहरू तथा निर्णयहरू निरन्तर भइरहेका छन्। विश्वमा द्रुततर गतिमा भइरहेको प्रविधिको विकास र नेपालको पछ्यौटेपनलाई समायोजन गरेर जनताको जीवनस्तरलाई माथि उकास्ने सामर्थ्य राख्ने राष्ट्रका दक्ष प्राविधिक जनशक्तिका रूपमा रहेका इन्जिनियरहरूलाई उपेक्षा र निरुत्साहित गरेर कदापि विकासको लक्ष्य प्राप्त गर्न सकिंदैन। अहिले देशमा लोकतन्त्र विरोधी गतिविधिहरु बढिरहेका छन् यसलाई राम्रो संकेत मान्न सकिंदैन। नेपाली जनताको ठूलो संघर्ष र बलिदान पश्चात् प्राप्त संघीय लोकतान्त्रिक शासन व्यवस्थालाई सहि मार्गमा डोर्याउने मुख्य अभिभारा पनि वर्तमान सरकारको हो। समाजका अरू वर्गले जस्तै हामी प्राविधिकहरुले पनि हजारौं शहीदहरूको बलिदान पश्चात् प्राप्त लोकतन्त्रमा निर्वाचित सरकारबाट पारदर्शी, मर्यादित र विधि सम्मत व्यवहारको अपेक्षा गरेका छौं। तसर्थ देश विकासको महायज्ञमा प्राविधिक जनशक्तिले स्वतन्त्र र निष्पक्ष वातावरणमा पेशागत अभ्यास गर्दै वृत्ति विकास सँगै अधिकतम योगदान पुर्‍याउन सकुन् भन्ने हेतुले नेपाल इन्जिनियर्स एशोसिएसनको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष निम्न मागहरु प्रस्तुत गरेका छौ।

**१. इन्जिनियरिङ स्टाफ कलेजको स्थापना सम्बन्धमा।**

नेपालको पुर्वाधार विकासको दायरा बढ्दै जाँदा दक्ष प्राविधिक जनशक्तिको माग पनि बढ्दै जान्छ। इन्जिनियरिङ स्टाफ कलेजले विद्यमान इन्जिनियरहरुलाई नयाँ प्रविधि, डिजाइन र व्यवस्थापन क्षमतामा
प्रशिक्षित गरि दक्षता वृद्धि गर्न सक्छ। उच्च शिक्षा अध्ययन पछि इन्जिनियरहरु व्यवसायमा लाग्दा प्राविधिक र व्यवसायिक ज्ञान पुरानो हुन सक्छ यस्तो अवस्थामा आधुनिक अभ्यास, नयाँ प्रविधि अवलम्वनका वारेमा ज्ञान प्रदान गर्न स्टाफ कलेज उपयोगी हुन्छ। यसै सन्दर्भमा नेपाली इन्जिनियरहरुको पेशागत उन्नयन तथा क्षमता



ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन नं. ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
इमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल
(कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर
(सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी.
(गण्डकी प्रदेश)
इ. पवन कुमार झा
(कोशी प्रदेश)
इ. आकाश वर्मा
(लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल
(बागमती प्रदेश)
इ. तेज नारायण यादव
(मधेश प्रदेश)

अभिवृद्धिको लागि नेपालमा इन्जिनियरिङ स्टाफ कलेजको स्थापना गर्न अपरिहार्य छ भनि माग राख्दै आएको करिब दुई दशक पुग्न लाग्यो । यसको आवश्यकता र औचित्यका विषयमा विस्तृत प्रतिवेदन तयार गरि सो प्रतिवेदनका आधारमा नेपाल इन्जिनियर्स एशोसिएसनले गठन आदेश अथवा ऐन दुवैको प्रारम्भिक मस्यौदा सम्बन्धित सरकारी निकायमा बुझाएको पनि लामो समय वितिसकेको छ। यो विषयमा नेपाल सरकारको तर्फवाट हालसम्म खासै महत्व नदिइएको र इन्जिनियर समुदायको मागलाई विल्कुलै वेवास्ता गरिएको हामीलाई अनुभुति भएको छ। न्याय, कानुन, चिकित्सा तथा प्रशासन क्षेत्र एवं पेशाका व्यक्तिहरुको लागि आवश्यक पर्ने विभिन्न किसिमका तालिम तथा अनुसन्धान गर्न सरकारी स्तरमा हाल सुविधायुक्त प्रशिक्षण केन्द्रहरु सञ्चालनमा रहेका छन्। विश्वबजारमा मानव समुदायलाई आश्चर्य पार्ने खालका नविन प्रविधियुक्त विकासका पूर्वाधारहरु निर्माण हुनुमा प्राविधिक जनशक्तिलाई दिइने तालिम तथा अनुसन्धान पश्चातको प्रतिफल हुन, यद्यपि हाम्रो देशको पूर्वाधार विकासमा सदैव खटिने प्राविधिक जनशक्तिको लागि कुनै पनि प्रकारको अनुसन्धान तथा प्रशिक्षण केन्द्र नहुनु र तालिम तथा अनुसन्धानको क्षेत्रमा न्यून सरकारी बजेट छुट्टाइनु विडम्बना पूर्ण छ । नेपालमा इन्जिनियरिङ स्टाफ कलेज स्थापनाका लागि सम्माननीय प्रधानमन्त्रीज्युवाट पनि विगतमा एशोसिएसनद्धारा आयोजना गरिएका विभिन्न कार्यक्रमहरुमा प्रतिवद्धता व्यक्त गर्नु भएको कुरा समेत यहाँ स्मरण गराउन चाहन्छौ । तसर्थ सरकारी तथा नीजि क्षेत्रमा कार्यरत सम्पुर्ण इन्जिनियर/आर्किटेक्टहरुको लागि अत्यन्त आवश्यक रहेको नेपाल इन्जिनियरिङ प्रशिक्षण तथा अनुसंधान प्रतिष्ठान (**Nepal Engineering Training and Research Academy, NETRA**) को स्थापना कार्यान्वयन गर्नको लागि सम्माननीय प्रधानमन्त्रीज्यूको तत्काल सकरात्मक पहल होस भनि जोडदार माग गर्दछौ।

**२. वैदेशिक सहयोगमा निमार्ण हुने विकास आयोजनाहरुमा नेपाली परामर्शदात्री तथा निर्माण व्यवसायीलाई सहभागिता गराइयोस।**

नेपालका विभिन्न ठुला विकासका आयोजनाहरुमा विदेशी परामर्शदात्री एवं विदेशी निर्माण कम्पनीहरुले काम गर्दा कतिपय अवस्थामा सम्बन्धित देशका परामर्शदात्रीहरुलाई मात्र संलग्न गराउने प्रचलन छ । त्यसो हुँदा त्यस्ता आयोजना निर्माणमा प्रयोग भएको नविन प्रविधिका बारेमा यही क्षेत्रमा काम गर्ने नेपाली परामर्शदात्री एवं निर्माण व्यवसायीले ज्ञान लिन तथा सिक्नबाट बञ्चित हुने गरेका छन्। त्यसकारण ज्ञान तथा सीपको आदान प्रदान एंव प्रविधि हस्तान्तरणको लाभ लिने तर्फ जोड दिने पक्षमा स्वदेशी परामर्शदात्री एवं निर्माण व्यवसायीलाई पनि अनिवार्य रुपमा संलग्न गराउने कानुनी प्रावधान बनाईयोस भनि जोडदार माग गर्दछौ।

**३. पुर्वाधार विकासको काममा FIDIC को प्रावधान अनिवार्य पालना गराइयोस ।**

नेपाल सरकार मातहतका निकायहरुले ठुला आयोजनाहरुमा पुर्वाधार विकास निर्माणको कार्य गराउंदा FIDIC को प्रावधान वमोजिम सुपरिवक्षेणका लागी नेपाली परामर्श दातृको अनिवार्य सहभागिता गराउनु पर्ने गरि नियम बनाइयोस भनि जोडदार माग गर्दछौ।

**४. इन्जिनियरको शुरूसेवा प्रवेश न्यूनतम सातौं तह अनिवार्य गराइयोस।**

+२ पश्चात कुनै पनि इन्जिनियरिङ विषयमा चार वर्षे कोर्ष स्नातक तह उतिर्ण गरेपछि नेपाल इन्जिनियरिङ परिषदको लाइसेन्स प्राप्त व्यक्तिले इन्जिनियरको उपाधी हासील गर्दछ। उक्त व्यक्ति लोकसेवा आयोगबाट लिने परिक्षामा शुरु सेवा प्रवेश सातौ तहको लागि आवेदन दिन योग्य ठहरिन्छ तर यो व्यवस्थाको वर्खिलाप इन्जिनियरको मानमर्दन हुने गरी नेपालको स्थानीय तह, प्रदेश सरकार तथा विभिन्न अर्धसरकारी वित्तिय संघ सस्थाहरुमा इन्जिनियरहरुको विज्ञापन माग गर्दा अस्वाभाविक शैक्षिक योग्यता एवं अनुभव तोकि छैठौ तहमा माग गरीएको हुन्छ। सबै निकायमा

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल
(कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर
(सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी.
(गण्डकी प्रदेश)
इ. पवन कुमार झा
(कोशी प्रदेश)
इ. आकाश वर्मा
(लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल
(बागमती प्रदेश)
इ. तेज नारायण यादव
(मधेश प्रदेश)

एकरुपता कायम हुन सकेको छैन। कतै छैठौं त कतै सातौं तहमा विज्ञापन माग गर्ने गरेको पाइन्छ तसर्थ सबै सरकारी तथा अर्ध सरकारी निकायमा इन्जिनियरहरुको शुरू सेवा प्रवेश न्युनतम सातौ तहमा हुने गरि निःशर्त नीतिगत व्यवस्था गरियोस।

**५. मौजुदा दरबन्दी यथावत् कायम राखी प्रधानमन्त्री कार्यालय, संचार तथा सूचना प्रविधि मंत्रालयमा १(एक) जना इन्जिनियर सचिवको दरवन्दी र अन्य सरकारी निकायहरुमा इन्जिनियरिङ महाशाखा स्थापना गरियोस।**

नेपाल सरकारको प्रमुख रहने प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालयमा प्राविधिक महाशाखा हेर्ने गरि इन्जिनियरिङ पृष्ठभूमिका कम्तिमा १ (एक) जना विशिष्ट श्रेणी सचिव राख्ने अनिवार्य व्यवस्था गरियोस। त्यसैगरी मन्त्रालयको नाम नै प्राविधिक सुनिने र बुझिने संचार तथा सूचना प्रविधि मंत्रालयको सचिवमा हाल प्रशासनीक पृष्ठभूमिको व्यक्ति हुने व्यवस्था व्यवस्था छ। यसो हुँदा सरकारको नीति बमोजिम मन्त्रालयले लक्ष्य हासिल गर्न नसक्ने प्राय निश्चित नै हुन्छ। त्यो स्थानमा इन्जिनियरिङ पृष्ठभूमिको व्यक्ति रहने व्यवस्था भयो भने यो भन्दा बढि प्रतिफल प्राप्त गर्न सकिने विषयमा कुनै दुविधा छैन् जुन कुरामा सरकारको ध्यान पुग्न नसकेको हामीले महशुस गरेका छौ। त्यसकारण संचार तथा सूचना प्रविधि मन्त्रालयको सचिवमा इन्जिनियरिङ पृष्ठभूमिका व्यक्ति हुनु पर्दछ भन्ने यस एशोसिएनको जोडदार माग रहेको छ। त्यसका साथै प्राविधिक विश्लेषण तथा पुर्वाधार विकासमा सहयोग पुग्ने गरि अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, प्रदेश आयोग जस्ता निकायहरुमा छुट्टै इन्जिनियरिङ महाशाखा स्थापना गरि उतm महाशाखाको प्रमुखमा इन्जिनियर रहने नीतिगत व्यवस्था गरियोस।

**६. युवा इन्जिनियर/आर्किटेक्टहरूलाई विना धितो ऋण उपलब्ध गराइयोस।**

वेरोजगार युवा इन्जिनियरहरुको समस्यालाई दृष्टिगत गरि कुनै इन्जिनियरले आफ्नो शैक्षिक योग्यता र अनुभवको आधारमा परामर्श सेवा, निमार्ण व्यवसाय वा अन्य कारोवार गर्न चाहेमा विना धितो ऋण दिने र विदेशवाट आवश्यक उपकरण एवं सामानहरु मगाउनु पर्दा भन्सार सहुलियतको व्यवस्था लागु गरि प्रभावकारी रुपमा कार्यान्वनमा ल्याइयोस।

**७. संस्थागत सहभागित एवं प्रतिनिधित्व।**

नेपाल सरकार मातहतका संवन्धित निकाय ,समिति एवं उपसमितिहरुमा नेपाल इन्जिनियर्स एशोसिएसनलाई संस्थागत रुपमा प्रतिनिधित्व गराइयोस।

**८. सरकारी वैदेशिक भ्रमणहरूमा एशोसिएसनको प्रतिनिधित्व गराइयोस।**

सरकार प्रमुखज्युको औपचारिक विदेश भ्रमण, अन्तर्राष्ट्रिय विकासका मोडेलहरूको अवलोकन भ्रमण, इन्जिनियरिङ तथा प्रविधि विकास संवन्धि सभा, सेमिनार, तालिम जस्ता अवसरहरुमा नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल निर्माण व्यवसायी महासंघ, नेपाल उद्योग परी संघका प्रतिनिधीहरुलाई सहभागीता गराइएको हुन्छ तर इन्जिनियरिङ पृष्ठ भुमिका व्यक्तिको प्रतिनिधित्व हुने गरेको छैन यस्ता अन्तराष्ट्रिय भ्रमणहरुमा नेपाल इन्जिनियर्स एशोसिएसनको पनि प्रतिनिधित्व गराउने परिपाटी बसालियोस।

**९. विकास आयोजना प्रमुखको सरुवा सम्बन्धमा।**



ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन नं. ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
इमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल (कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर (सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी. (गण्डकी प्रदेश)
इ. पवन कुमार झा (कोशी प्रदेश)
इ. आकाश वर्मा (लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल (बागमती प्रदेश)
इ. तेज नारायण यादव (मधेश प्रदेश)

नेपालका राष्ट्रिय गौरवका आयोजना लगायतका विकास निर्माणमा ढिला सुस्ति हुनुको कारण त्यहाँ कार्यरत आयोजना प्रमुखलाई उचित कारण विना समय अगावै नियम विपरित सरुवा गर्ने प्रवृत्तिले गर्दा नै हो । तसर्थ अव उप्रान्त कुनै पनि आयोजना प्रमुखलाई निश्चित समय तोकी उच्च मनोबलका साथ निर्वाध रुपमा काम गर्न पाउने जिम्मेवारी प्रदान गरियोस् ।

**१०. राष्ट्रिय प्रविधि कोषको स्थापना सम्बन्धमा ।**

अहिलेको २१ औ शताब्दी प्रविधि र विकासको युग हो । सूचना प्रविधिको क्षेत्रमा विश्वमा भइरहेको चमत्कारिक विकासले मानव जीवनको हरेक पक्षमा सहजता ल्याइरहेको छ भने त्यसको दुरप्रयोगवाट हुने दुर्घटना पनि त्यतिकै चुनौती पुर्ण वनेको छ । तसर्थ राष्ट्रको प्रविधिलाई समुचित उपयोग सहित समयानुकूल पार्ने संकल्प सहित राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रको प्रविधिमा उल्लेखनीय योगदान प्रदान गर्ने इन्जिनियरहरूलाई सम्मान गर्न तथा यस्तो कार्यमा लगनशील तथा कृयाशील इन्जिनियरहरूलाई आवश्यक सहयोग, समर्थन एवं प्रोत्साहन प्रदान गरि प्रविधिको सम्वर्धन एवं प्रवर्द्धन सहित देश विकासमा योगदान पुर्‍याउने उदेश्यले "राष्ट्रिय प्रविधि विकास कोष" को स्थापना गरियोस् ।

**११. इन्जिनियरहरूको न्यूनतम पारिश्रमिक निर्धारण सम्बन्धमा ।**

गैरसरकारी तथा नीजि क्षेत्रमा कार्यरत इन्जिनियर/आर्किटेक्टहरुले पाउने न्युनतम मासीक तलवमा एकरुपता छैन स्नातक तह उतिर्ण गरि नेपाल इन्जिनियरिङ परिषद्वाट लाइसेन्स प्राप्त इन्जिनियरहरूलाई नेपाल इन्जिनियर्स एशोसिएसनद्वारा गठित अध्ययन टोलीले पेश गरेको प्रतिवेदन अनुसार न्युनतम मासीक पारिश्रमिक निर्धारण गरि लागू गर्ने नियम तत्काल कार्यान्वयनमा ल्याइयोस ।

**१२. प्राविधिक धारका विद्यालय शिक्षकहरूको रोजगारीको सुनिश्चित सम्बन्धमा ।**

विधालय शिक्षक अन्तरगत विशेष गरि ९(१२ का प्राविधिक धारका देश भरका शिक्षकहरूको दरबन्दीमा कुनै मापदण्ड र सुनिश्चितता छैन । देश भरका करिव ३२०० प्राविधिक धारका शिक्षकहरू करार सेवामा काम गर्न बाध्य छन । दुरदराजमा गई विद्यालयमा प्राविधिक शिक्षा प्रदान गर्ने प्राविधिक शिक्षकहरु संवन्धित स्थानीय पालिका र संचालक समितिको रुचि र अरुचीको मानसीक तनाववाट गुज्रने गरेका छन तसर्थ हाल करारमा रहेका त्यस्ता प्राविधिक विद्यालय शिक्षकहरूको आवश्यकता अनुसारको दरवन्दी सृजना गरि खुला प्रतिस्पर्धावाट स्थायी गर्ने नीति लागू गरियोस अथवा त्यस्ता शिक्षकहरुलाई CTEVT अन्तरगत समायोजको व्यवस्था मिलाइयोस् ।

**१३ .स्थानीय पालिकाको प्रमुख प्रशासकीय अधिकृतमा इन्जिनियर समेतलाई खुला गर्नु पर्ने ।**

स्थानीय पालिकाहरूमा जेष्ठता र कार्य क्षमताका आधारमा प्रमुख कार्यकारी अधिकृतको रूपमा इन्जिनियर कर्मचारीलाई पनि समान अवसर पदान गर्ने गरि कानुन परिमार्जन गरियोस ।

**१४ .प्राविधिक त्रुटी तथा कमजोरीलाई भ्रष्टाचार कसुर अन्तरगत नराखीयोस ।**

विकास आयोजनाहरूमा नविन प्रविधिको प्रयोग गर्दा तथा प्राविधिक त्रुटीका कारण हुने गरेका कमि कमजोरीहरूलाई भ्रष्टाचारजन्य कसुरमा राखी इन्जिनियरहरूलाई कारवाही गर्ने गरिएको छ । यो सरासर गलत छ तसर्थ यस प्रकृतिका घटनामा नेपाल इन्जिनियरिङ परिषदको विज्ञ टोली अथवा सरकारले गठन गरेको छुटै विषय सम्वद्ध विशेषज्ञहरूबाट छानवीन प्रकृया अगाडी बढाउने परिपाटीको व्यवस्था गरियोस ।



ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन नं. ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
इमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव धिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल (कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर (सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी. (गण्डकी प्रदेश)
इ. पवन कुमार झा (कोशी प्रदेश)
इ. आकाश वर्मा (लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल (बागमती प्रदेश)
इ. तेज नारायण यादव (मधेश प्रदेश)

**१५. इन्जिनियर दिवसलाई इन्जिनियर समुदायको राष्ट्रिय पर्वको मान्यता प्रदान गरियोस।**

नेपाल इन्जिनियर्स एशोसिएसनको स्थापना दिवस साउन ३ गतेलाई **"इन्जिनियर दिवस"** को रुपमा देश भरका सम्पुर्ण इन्जिनियर समुदायले मनाउँदै आइरहेको सन्दर्भमा अन्य धर्म, वर्ग, समुदाय, पेशा समाज लगायत अन्तराष्ट्रिय विभिन्न दिवसहरूलाई राष्ट्रिय पर्वको रुपमा नेपालको वार्षिक क्यालेण्डरमा अकिंत गरि कृयाकलापहरु संचालन गर्ने गरिएको छ त्यसै गरि साउन ३ गतेको दिनलाई पनि इन्जिनियर समुदायको राष्ट्रिय पर्वका रुपमा अंकित गर्ने परम्परा बसालियोस्।

**१६. देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरवार प्रवेश सहज वनाइयोस।**

देशको मुख्य प्रशासनिक केन्द्र रहेको सिंहदरवार परिसरमा गैरसरकारी तथा निजि क्षेत्रमा कार्यरत इन्जिनियर/आर्किटेक्टहरू काम विषेशले जानु पर्दा सहजै प्रवेशको व्यवस्था छैन। आफ्नो कार्यालयको परिचय पत्र वा सवारी अनुमति पत्र वा नागरिता समेतलाई आधिकारिक मानिएको छैन। कानुन व्यवसायी, पत्रकार, चिकित्सा पेशाका व्यक्तिहरूलाई आफ्नो पेशाको परिचय पत्र देखाई सिंहदरबार भित्र निर्वाध प्रवेश पाउछन तर इन्जिनियर आर्किटेक्टलाई यो सुविधा हालसम्म नभएको हुंदा कठिनाई हुने गरेको छ। अब उप्रान्त नेपाल इन्जिनियर्स एशोसिएशनको सदस्यता परिचय पत्र वा नेपाल इन्जिनियरिङ परिषदको परिचय पत्र देखाई इन्जिनियर/आर्किटेक्टहरूलाई निर्वाध रुपमा सिंहदरबार प्रवेशको व्यवस्था तत्काल लागु गराउने गरि सम्माननीयज्यूबाट आवश्यक निर्देशन होस्।

**१७ .विकास निमार्ण कार्यको सुपरभिजन गर्ने कार्य इन्जिनियरवाट गराउने अनिवार्य व्यवस्था होस।**

देशको विकास आयोजनाहरूमा संलग्न निर्माण व्यवसायीले निर्माण कार्यको दौरान आयोजनाको कामको दैनिक सुपरिभजन गर्नको लागी अप्राविधिक मानिसहरूलाई खटाउने गरिएको पाइएको छ। यो विषयमा संवन्धित सरकारी निकायको ध्यान पुगेको छैन। जसका कारण गुणस्तरीय निर्माण हुदैन र पुर्वाधार विकास दीगो नहुने गरेको यथार्थ हाम्रो सामु छ। तसर्थ यस्ता विकास निर्माणका काममा दैनिक सुपरीभिजन गर्न प्राविधिक पृष्ठ भुमिका व्यक्ति अथवा भर्खरै उतिर्ण युवा इन्जिनियरलाई खटाउने अनिवार्य नियम राख्न सकियो भने देशमा केहि हदसम्म युवा इन्जिनियरहरूलाई रोजगारी, र सिकाइको अवसर प्रदान हुन सक्ने थियो। यसका साथै ठुला आयोजनाहरूमा युवा इन्जिनियरहरूलाई वरिष्ठ इन्जिनियर÷आर्किटेक्टका साथ काम गर्ने अवसरको व्यवस्था गरियोस। यस विषयमा सम्माननीयज्यूबाट आवश्यक निर्देशन होस्।

**१८ सम्पति मूल्यांकनकर्ता इन्जिनियरहरुको समस्या सम्बोधन सम्बन्धमा।**

बैंक तथा वित्तिय संस्थाहरुबाट व्यक्ति तथा संस्थालाई ऋण प्रवाह गर्दा बैंकको नियम अनुसार धितोको रुपमा कर्जा सुरक्षण वापत राखिने व्यक्ति वा संस्थाको अचल सम्पत्तिको मूल्याँकन गर्ने पेशामा नेपालभर हजारौ इन्जिनियरहरु क्रियाशिल छन्। सम्पत्ति मूल्याँकन कर्ता को हुन सक्छन्? योग्यता के चाहिने? भन्ने विषमा हालसम्म नेपालमा स्पष्ट विधि र कानूनी व्यवस्था नभएको अवस्था छ। नेपालका विभिन्न बैंक तथा वित्तिय संस्थाहरुमा सूचिकृत सम्पत्ति मूल्याँकनकर्ता इन्जिनियरहरु बैंक वा ऋणिले उपलब्ध गराएको कागज तथा सो बमोजिमको फिल्ड निरीक्षणका आधारमा सम्पत्तिको मूल्याँकन गर्ने प्रचलन रहेको छ। यो काम कारवाहीका दौरान ऋणि तथा बैंकले उपलब्ध गराएको नक्शा, जग्गाधनी पूर्जा लगायतको कागजात र फिल्ड निरीक्षणका आधारमा प्रचलित नियम बमोजिम

३४औं केन्द्रीय कार्यकारिणी समिति

अध्यक्ष
इ. सुबास चन्द्र बराल
उपाध्यक्ष
इ. प्रकाश के.सी.
महासचिव
इ. विनोद प्रकाश पण्डित
उप-महासचिव
इ. अनिल मानन्धर
कोषाध्यक्ष
इ. सुमन थापा
सह-कोषाध्यक्ष
इ. कृष्ण प्रसाद पोखेल

सदस्यहरु
आ. प्रियंका गुप्ता
इ. संजय कुमार साह
इ. नेत्र प्रसाद देवकोटा
इ. अनिल पौडेल
इ. भैरव घिताल
इ. सुजन श्रेष्ठ
इ. विक्रम कुमार दास
इ. लोकेन्द्र अधिकारी
इ. एमेन्द्र गुरुङ
इ. यम कृष्ण पौडेल
इ. प्रभुराम पोखरेल
इ. जय किसुन राय
इ. टिकाराम पोखेल (कर्णाली प्रदेश)
इ. पूर्ण कुँवर (सुदूरपश्चिम प्रदेश)
इ. अबित के.सी. (गण्डकी प्रदेश)
इ. पवन कुमार झा (कोशी प्रदेश)
इ. आकाश वर्मा (लुम्बिनी प्रदेश)
इ. मेघनाथ ढकाल (बागमती प्रदेश)
इ. तेज नारायण यादव (मधेश प्रदेश)

सम्पत्ति मूल्याँकनको कार्य सम्पादन गर्ने दौरानमा उक्त कागजातहरु किर्ते ठहरिन गइ थुप्रै सम्पत्ति मूल्याँकन इन्जिनियरहरुलाई सम्बन्धित बैंक तथा वित्तिय संस्थाहरुले अनाहकमा कालो सूचिमा राख्ने, मुद्दा चलाउने, फसाउने, मानसिक तनाव दिने तथा थुनामा राख्नेसम्मका कामहरु भइरहेका छन । जसबाट थुपै इन्जिनियरहरु प्रताडित छन् । यो विषयमा नेपालमा स्पष्ट कानून र कार्यविधिको टडकारो आवश्यकता छ । तसर्थ सम्पत्ति मूल्याँकनको व्यवसायलाई व्यवस्थित तथा प्रभावकारी बनाउन अर्को व्यवस्था नहुँन्जेलसम्म तत्काल कुनै कार्यविधिको व्यवस्था लागू गरियोस् र यस सम्बन्धी ऐन तथा नियमको यथाशक्य छिटो लागू हुने व्यवस्थाका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट आवश्यक निर्देशन हुन हार्दिक अनुरोध गर्दछौ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू !**

नेपाल इन्जिनियर्स एशोसिएशनको तर्फबाट प्रस्तुत उपरोक्त मागहरू नेपालको सम्पुर्ण इन्जिनियर/आर्किटेक्ट समुदायका जायज मागहरू छन् । प्रस्तुत मागहरू कठिन र असंभव छैनन् । तसर्थ उक्त मागहरूको उचित सम्बोधन गरि कार्यान्वयनका लागी सम्माननीय प्रधानमन्त्रीज्यूको सकृय पहल हुनेछ भन्ने पुर्ण अपेक्षा गरेका छौ ।

Binod

इ. विनोद प्रकाश पण्डित
महासचिव



ठेगानाः इन्जिनियर भवन, पुल्चोक, ललितपुर, जि.पि.ओ. बक्स नं. ६०४, काठमाडौं, नेपाल, फोन नं. ०१-५०१०२५१, ५०१०२५२, ५०१०२५३
इमेलः info@neanepal.org.np, URL: www.neanepal.org.np